# नेपाल स्वास्थ्य जनशक्ति व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०८१

मानीय मन्त्री स्तरबाट स्वीकृत:

मिति: २०८१/०३/०५

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

नेपाल स्वास्थ्य जनशक्ति व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०८१

प्रस्तावनाः स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको व्यवस्थापन र विकासका लागि सूचना प्रणाली व्यवस्थित गर्न आवश्यक भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "नेपाल स्वास्थ्य जनशक्ति व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०८१" रहेको छ। यसलाई अंग्रेजी भाषामा "Procedure for Nepal Health Workforce Management Information System (NHWMIS), 2024" भनिनेछ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अधिकार प्राप्त निकाय" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि आफ्नो कार्यक्षेत्र अन्तर्गत स्वास्थ्य जनशक्तिको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, कार्यसम्पादन मूल्याङ्कन र वृत्तिविकास सम्बन्धित कार्य गर्ने तीनवटै तहका सरकारी निकायलाई सम्झनुपर्छ र सो शब्दले आ-आफ्ना निकाय अन्तर्गतका कार्य गर्ने स्वायत्त स्वास्थ्य निकाय, संघीय अस्पताल, प्रादेशिक अस्पताल, प्रतिष्ठान, गैर सरकारी र निजी स्वास्थ्य संस्थालाई समेत जनाउँछ।

(ख) "कार्यालय" भन्नाले स्वास्थ्य संस्था बाहेक संघ, प्रदेश र स्थानीय तहमा स्वास्थ्य सेवा व्यवस्थापनमा संलग्न निकाय वा संस्थालाई सम्झनुपर्छ।

(ग) "प्रणाली" भन्नाले मन्त्रालयले विकास गरी लागू गरेको "नेपाल स्वास्थ्य जनशक्ति व्यवस्थापन सूचना प्रणाली" र त्यसमा हुने परिमार्जनलाई समेत सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्छ।

(ङ) "स्वास्थ्य जनशक्ति" भन्नाले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-३ मा उल्लेख भए अनुसारका पदमा रहेका जनशक्ति र स्वास्थ्यसँग सम्बन्धित परिषद्हरूमा दर्ता भएका स्वास्थ्य जनशक्ति सम्झनुपर्छ।

(च) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी र गैरसरकारी स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(छ) "प्रयोगकर्ता" भन्नाले प्रणालीमा पहुँच (Login) गरी प्रणाली प्रयोग गर्ने दफा ११ बमोजिमका प्रयोगकर्ता (User) सम्झनुपर्छ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

(ज) "गैर सरकारी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून वमोजिम स्थापित गैर सरकारी वा निजी वा सहकारी वा सामुदायिक स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

३. प्रणालीको परिचयः यो प्रणाली नेपालमा रहेका स्वास्थ्य संस्था र कार्यालयहरूमा कार्यरत जनशक्तिको विशिष्ट परिचय (Unique Identity) सहित वेवमा आधारित मुख्य अभिलेख (Master Document) हो जसमा स्वास्थ्य जनशक्तिको व्यक्तिगत विवरणहरू अभिलेखिकरण गरिन्छ।

४. प्रणालीका उद्देश्यः प्रणालीको उद्देश्य देहाय वमोजिमको हुनेछः-

(क) मुलुक भरमा कार्यरत सम्पूर्ण स्वास्थ्य जनशक्तिको अद्यावधिक सूची (Master List) तयार गर्नु,

(ख) स्वास्थ्य जनशक्तिको आन्तरिक व्यवस्थापनलाई सहजीकरण गर्नु,

(ग) स्वास्थ्य क्षेत्रको योजना र अनुगमन प्रणालीलाई सुदृढिकरण गर्नु,

(घ) स्वास्थ्य सूचना प्रणालीहरू वीचको अन्तरआवद्धता कायम गर्नु,

(ङ) स्वास्थ्य आपतकालिन अवस्था र स्वास्थ्य सेवा सन्चालनमा स्वास्थ्य जनशक्ति परिचालनका लागि सुचना प्राप्त गर्नु,

(छ) सेवाग्राहीलाई स्वास्थ्य जनशक्ति सम्वन्धी सूचना दिनु।

## परिच्छेद-२

## प्रणाली स्थापना, सञ्चालन, व्यवस्थापन

५. प्रणाली स्थापना, सञ्चालन तथा व्यवस्थापनः (१) देशभरी रहेका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्य जनशक्तिको विस्तृत विवरण सहितको अभिलेखिकरणको लागि मन्त्रालयले यो प्रणाली स्थापना गर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) वमोजिम स्थापित प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

६. प्रणालीमा आबद्ध गर्नेः संघ, प्रदेश र स्थानीय तहमा रहेका सम्पूर्ण स्वास्थ्य संस्था र कार्यालयमा कार्यरत स्वास्थ्य जनशक्ति यस प्रणालीमा आवद्ध हुनेछन्।

७. प्रणालीमा समावेश हुने विवरणहरूः यस प्रणालीमा समावेश हुने विवरणहरू अनुसूची-१ अनुसार हुनेछ र आवश्यकता अनुसार थपघट हुनेछ ।

८. विवरण प्रविष्टि प्रक्रियाः यस प्रणालीमा सूचना प्रविष्टि प्रक्रिया देहाय वमोजिम हुनेछः-

(क) संघीय सरकारी कार्यालयमा कार्यरत स्वास्थ्य जनशक्तिको विवरण सम्वन्धित कार्यालयले प्रविष्ट गर्नुपर्दछ।

(ख) संघीय तहका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य जनशक्तिको विवरण सम्वन्धित स्वास्थ्य संस्थाले प्रविष्ट गर्नुपर्दछ।

(ग) प्रदेश तहका सरकारी कार्यालयमा कार्यरत स्वास्थ्य जनशक्तिको विवरण सम्वन्धित कार्यालयले प्रविष्ट गर्नुपर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

(घ) प्रदेशका तहका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य जनशक्तिको विवरण सम्वन्धित स्वास्थ्य संस्थाले प्रविष्ट गर्नुपर्नेछ।

(ङ) स्थानीय तह अन्तरगत सरकारी स्वास्थ्य संस्था र कार्यालयहरूमा कार्यरत स्वास्थ्य जनशक्तिको विवरण सम्वन्धित स्थानीय तहवाट प्रविष्ट गर्नुपर्नेछ।

(च) गैर सरकारी तथा निजी स्वास्थ्य संस्थाको विवण सम्वन्धित स्वास्थ्य संस्थाले प्रविष्ट गर्नुपर्नेछ।

९. <u>विवरण अद्यावधिक प्रक्रिया</u>: यस प्रणालीमा प्रविष्ट भएका जनशक्तिको सरूवा, वढुवा, अवकाश लगायतका विवरण अद्यावधिक गर्नु पर्ने भएमा सोको कार्यान्वयन पश्चात प्रणालीमा अधिकार प्राप्त निकायले अद्यावधिक गर्नुपर्नेछ। विवरणसँग सम्वन्धित कर्मचारीले समेत आफ्नो विवरण जाँच गरी अद्यावधिक गर्नु पर्ने भएमा अधिकार प्राप्त निकाय मार्फत् अद्यावधिक गराउनु पर्नेछ।

१०. <u>प्रणालीसँग आबद्धता</u>: यो प्रणाली नेपाल स्वास्थ्य संस्था पञ्जीकरण प्रणालीसँग आवद्ध हुनेछ। यसको आधारमा अन्य डिजिटल हेल्थ एप्लिकेशनहरू आवद्ध हुनेछन्। स्वास्थ्य जनशक्तिको कोड अनुसूची-२ मा उल्लेख भएवमोजिम हुनेछ।

११. <u>प्रणाली प्रयोगकर्ता</u>: (१) यस प्रणालीको प्रयोगकर्ता (User) देहाय वमोजिम हुनेछन्:-

(क) प्रणाली सर्वाधिकार व्यवस्थापक (Super admin)- प्रणालीको सर्वाधिकार व्यवस्थापक मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाको सूचना प्रविधि शाखा प्रमुख हुनेछ। प्रणाली प्रयोगकर्ताहरूको युजर आईडी तथा पासवर्डको व्यवस्थापन यसै प्रयोगकर्ताले गर्नेछ।

(ख) प्रणाली सञ्चालनकर्ता (Admin user)- प्रदेश स्थित स्वास्थ्य हेर्ने मन्त्रालय।

(ग) अनुगमन प्रयोगकर्ता: (Viewer User): विभिन्न तहवाट अनुगमन गर्ने निकाय वा व्यक्ति।

(घ) सामान्य प्रयोगकर्ता (data entry user)- संघ, प्रदेश, स्थानीय तहका कार्यालयहरू र स्वास्थ्य संस्थाहरू।

१२. <u>प्रणालीको सेटअप तथा व्यवस्थापन</u>: प्रणालीको सेटअप, कन्फिगरेशन, डाटावेस व्यवस्थापन, सर्भर व्यवस्थापन सम्वन्धी कार्य, सूचनाहरूको सुरक्षा, गोपनीयता र स्थायित्वको जिम्मेवारी मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा अन्तर्गत सूचना प्रविधि शाखावाट हुनेछ।

१३. <u>युजर आईडी तथा पासवर्डको सुरक्षा</u>: (१) सवै प्रयोगकर्ताहरूले अधिकार प्राप्त तह वा निकायवाट आफ्नो युजर आइडी र पासवर्ड लिनु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले तोकेको कार्यविवरण अनुसार कार्यसम्पादन गर्दा प्रणालीको प्रयोग गर्नु पर्नेछ।

(३) प्रयोगकर्ताले आफ्नो युजर आइडी र पासवर्ड सुरक्षित राख्नुपर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

१४. <u>प्रयोगकर्ताको जिम्मेवारी:</u> (१) प्रयोगकर्ताले आफू सरूवा वा अवकाश वा अन्य कुनै प्रकारले उक्त जिम्मेवारीमा नरहेमा अर्को जिम्मेवार व्यक्तिलाई सो युजर-आईडी, पासवर्ड र अन्य विवरण तथा प्रतिवेदनहरू हस्तान्तरण गरी प्रणाली सञ्चालन सम्वन्धी अभिमुखिकरण समेत प्रदान गर्नुपर्दछ।

(२) प्रयोगकर्ताले देहाय वमोजिमका कार्य गर्नु हुँदैनः-

(क) प्रणालीको युजर आइडी र पासवर्ड प्रयोग गरी भाइरस, मालवेयर, स्पाईवेयर जस्ता अनाधिकृत सफ्टवेयर आदान-प्रदान

(ख) कार्यालय प्रयोजन वाहेक सामाजिक सञ्जाल र अन्य कुनै पनि माध्यममा सामग्री सम्प्रेपण,

(ग) प्रणालीलाई कुनै किसिमले हानि नोक्सानी पुऱ्याउने वा सोको दुरुपयोग र

(घ) प्रचलित कानूनले निषेध गरेका अन्य कार्यहरू।

१५. <u>प्रणाली अनवरत सञ्चालन हुनेः</u> यो प्रणाली अविच्छिन्न रुपमा सञ्चालित रहनेछ। यो प्रणालीमा रहेका तथ्याङ्क, सूचना र विवरण सुरक्षित राख्ने, नष्ट गर्ने तरिका र सूचना वर्गीकरण प्रचलित कानून वमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>तथ्याङ्क र सूचनामा पहुँच तथा प्रयोग</u>

१६. <u>सूचनाको पहुँचः</u> (१) यस प्रणालीमा रहने तथ्याङ्क एवं सूचनामा सवै सरोकारवाला र आम सर्वसाधारणको यथोचित तवरले पहुँच हुने व्यवस्था मिलाईनेछ।

(२) स्वास्थ्य जनशक्ति व्यवस्थापन र परिचालन गर्ने निकायहरूले आफ्नो अधिकार क्षेत्र भित्रका जनशक्तिको सूचनाहरू सो निकायका अधिकार प्राप्त पदाधिकारी मार्फत् प्राप्त गर्न सक्नेछन।

(३) सम्वन्धित स्वास्थ्यकर्मीले आफ्नो विवरण हेर्न सकिने व्यवस्था मिलाईनेछ।

(४) सार्वजनिक प्रयोजनका लागि कुनै तथ्याङ्क आधार (Database), डाइरेक्टरी वा डिजिटल एप्लिकेशन वनाउन स्वास्थ्य जनशक्तिको सूचना आवद्ध गर्नु पर्ने भएमा सोको कारण खुलाई यस दफामा उल्लिखित अधिकार प्राप्त निकायमा माग गर्न सकिनेछ। उल्लिखित प्रयोजनका लागि मात्र प्रयोग गर्ने गरी सम्वन्धित निकायले व्यक्तिको कागजात वाहेक उल्लिखित विवरणहरू उपलव्ध गराउन सकिनेछ। जनशक्तिको सूचना अद्यावधिक भईरहने भएकोले सूचना प्रयोगकर्ताले अधिकार प्राप्त निकायसँग समन्वय गरी अद्यावधिक गर्नु पर्नेछ।

(५) उपदफा (२) अनुसार उपलव्ध गराउन सकिने सूचनाहरूः-

(क) कार्यालय/ स्वास्थ्य संस्थाको नामः

(ख) कार्यालय/ स्वास्थ्य संस्थाको ठेगाना: (स्वास्थ्य संस्था पञ्जिकरण प्रणाली अनुसार)

(ग) कार्यरत स्वास्थ्य जनशक्तिको पुरा नामः (नेपाली र अंग्रेजीमा)

(घ) लिङ्गः महिला, पुरुप, अन्य

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल सचिव

(ङ) पदः नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसारका उपसमूह र सम्वन्धित निकाय प्रचलित कानून वमोजिम

(च) सम्वन्धित व्यवसायी परिषद:

(छ) सम्वन्धित परिषदवाट जारी भएको दर्ता नं.

(ज) शैक्षिक योग्यता: न्यूनतम शैक्षिक योग्यता र सो माथीको

(झ) विशेषज्ञता:

(६) मन्त्रालय लाई देश भरिका सवै सूचनामा पहुँच हुनेछ । प्रदेश र स्थानीय तह स्थित अधिकार प्राप्त निकायलाई सम्वन्धित प्रदेश र स्थानीय तहका सवै सूचनामा पहुँच हुनेछ ।

१७. <u>सूचनाको प्रयोग:</u> दफा ४ को उद्देश्यको अधीनमा रही यो प्रणालीवाट प्राप्त हुने सूचनाहरूको निम्न वमोजिम प्रयोग गरिनेछ।

(क) अधिकार प्राप्त निकायहरूले स्वास्थ्य जनशक्तिको व्यवस्थापन र परिचालन गर्न,

(ख) जनशक्ति विकासका योजना तर्जुमा, अनुगमन र कार्यान्वयन गर्न,

(ग) विभिन्न सूचना प्रणाली र डिजिटल एप्लिकेसनहरू वीच अन्तर आवद्धता कायम गर्न,

(घ) स्वास्थ्य जनशक्तिको सामुहिक विवरण सहितको प्रतिवेदन तयार गर्न,

(ङ) श्रम वजार विश्लेषण तथा अन्य अनुसन्धानमूलक कार्य गर्न,

(च) अधिकार प्राप्त निकायले सँगठन ढाँचा वमोजिम जनशक्तिको पदपूर्ति अनुगमन र व्यवस्था गर्न।

## परिच्छेद-४

## <u>कार्यान्वयन ईकाइ, दायित्व र जिम्मेवारी</u>

१८. <u>कार्यान्वयन ईकाइ:</u> प्रणालीलाई अनवरत रूपमा सञ्चालन र व्यवस्थापन गर्नको लागि मन्त्रालयको स्वास्थ्य समन्वय महाशाखाको प्रादेशिक तथा स्थानीय समन्वय शाखाले कार्यान्वयन इकाईको रूपमा अन्तर निकाय समन्वय गर्नेछ।

१९. <u>संघको दायित्व र जिम्मेवारी:</u> संघीय मन्त्रालयको प्रणाली कार्यान्वयन तथा व्यस्थापनमा देहाय अनुसारको जिम्मेवारी रहनेछ:-

(क) मन्त्रालयले अन्तरनिकाय समन्वय तथा सहजीकरण र सफ्टवेयरको विकास, परिमार्जन तथा अद्यावधिक गर्न आवश्यकता अनुसार समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्वन्धी कार्य गर्ने।

(ख) मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा अन्तर्गतको सूचना प्रविधि शाखाले प्रणाली सञ्चालनका लागि प्राविधिक पक्षको व्यवस्थापन गर्ने, प्रणालीलाई निरन्तरता दिने र विभिन्न प्रणालीहरूसँग अन्तर आवद्धताको व्यवस्था मिलाउने।

(ग) मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखाले प्रणालीको अनुगमन गरी वार्षिक समीक्षामा प्रतिवेदन प्रस्तुत गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

२०. <u>प्रदेशको दायित्व र जिम्मेवारी:</u> प्रदेशका स्वास्थ्य हेर्ने मन्त्रालयले प्रणाली कार्यान्वयनमा देहाय अनुसारका कार्य गर्नेछ:-

(क) प्रदेश अन्तर्गतका कार्यालय र स्वास्थ्य संस्थामा प्रणाली कार्यान्वयन गर्न प्राविधिक सहयोग उपलव्ध गराउने ।

(ख) प्रणालीको कार्यान्वयनको अनुगमन, आवश्यक सहयोग र समन्वय गर्ने ।

(ग) सरकारी स्वास्थ्य संस्थाहरूमा प्रणाली सञ्चालनका लागि आवश्यकतानुसार स्रोत साधनको व्यवस्था मिलाउने ।

(घ) गैर सरकारी संस्थाहरूमा प्रणाली सञ्चालनका लागि आवश्यकतानुसार क्षमता विकास र सहजीकरण गर्ने व्यवस्था मिलाउने।

(ङ) प्रदेशको तथ्याङ्क विश्लेषण गरी प्रयोग गर्ने ।

२१. <u>स्थानीय तहको दायित्व र जिम्मेवारी:</u> स्थानीय तहले प्रणाली कार्यान्वयनमा देहाय अनुसारका कार्य गर्नेछ:-

(क) आफ्नो क्षेत्र भित्रका स्वास्थ्य संस्था र कार्यालय वीच समन्वय गरी गुणस्तर कायम राखि नियमितताको व्यवस्था मिलाउने।

(ख) सरकारी स्वास्थ्य संस्थाहरूमा प्रणाली सञ्चालनका लागि आवश्यक स्रोत साधनको व्यवस्था मिलाउने।

(ग) यस सम्वन्धी क्षमता विकास तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने।

२२. <u>स्वास्थ्य संस्थाको दायित्व र जिम्मेवारी:</u> स्वास्थ्य संस्थाको दायित्व र जिम्मेवारी अन्तर्गत देहायका कार्यहरू पर्दछन्:-

(क) प्रणालीको प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाई कार्यान्वयन गर्ने।

(ख) स्वास्थ्य जनशक्ति सम्वन्धि अभिलेख रुजु गरी गराइ प्रणालीमा विवरण प्रविष्टमा सहयोग गर्ने। सो कार्यका लागि जिम्मेवार कर्मचारी तोक्ने।

(ग) अद्यावधिक विवरणसहितको अभिलेख राख्ने।

## परिच्छेद-५

## <u>प्रणालीको व्यवस्थापन र संस्थागत व्यवस्था</u>

२३. <u>निर्देशक समिति:</u> (१) यस प्रणालीसँग सम्वन्धित नीतिगत निर्णय तथा आवश्यक मार्ग निर्देशनका लागि मन्त्रालयमा देहाय वमोजिमको निर्देशक समिति रहनेछ:-

(क) अतिरिक्त स्वास्थ्य सचिव, (स्वास्थ्य समन्वय महाशाखा) मन्त्राल -संयोजक

(ख) महानिर्देशक, स्वास्थ्य सेवा विभाग -सदस्य

(ग) महानिर्देशक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग -सदस्य

(घ) महानिर्देशक, औषधी व्यवस्था विभाग -सदस्य

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

डा. रोशन पोखरेल सचिव

(ङ) प्रदेश सचिव, प्रदेशका स्वास्थ्य हेर्ने मन्त्रालय (सात प्रदेश) -सदस्य

(च) महाशाखा प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, मन्त्रालय -सदस्य

(छ) महाशाखा प्रमुख, नीति, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य

(ज) महाशाखा प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय -सदस्य

(झ) महाशाखा प्रमुख, स्वास्थ्य समन्वय महाशाखा, मन्त्रालय -सदस्य-सचिव

२४. <u>निर्देशक समितिको जिम्मेवारी:</u> (१) निर्देशक समितिको जिम्मेवारी देहाय वमोजिम हुनेछ:-

(क) यस प्रणालीलाई संघ, प्रदेश एवं स्थानीय तहमा कार्यान्वयनका लागि नीतिगत सहजीकरण गर्ने।

(ख) यस प्रणालीलाई समय सान्दर्भिक परिमार्जन एवं प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयमा सुझाव पेश गर्ने।

(२) समितिको वैठक कम्तीमा वर्षको एक पटक वस्नेछ।

(३) समितिको वैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको वैठक सञ्चालन सम्वन्धी अन्य कार्यविधि समिति आफैले तोकेवमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>विविध</u>

२५. <u>सूचनाको गोपनियता:</u> (१) यस प्रणालीमा सङ्कलित सूचनाहरूको गोपनीयता प्रचलित कानून अनुसार कायम गरिनेछ।

२६. <u>सूचना र तथ्याङ्कको स्तरीकरण सम्बन्धी व्यवस्था:</u> यस प्रणालीमा रहने सूचना र तथ्याङ्कको स्तरीकरण गरी अन्तर आवद्धताको व्यवस्था मिलाउन मन्त्रालयले तयार गरेको स्वास्थ्य संस्था पञ्जीकरण कार्यविधि वमोजिम स्वास्थ्य संस्थाको विवरण राख्नु पर्नेछ। जनशक्तिको हकमा सम्वन्धित परिपद्को नम्वर, नेपाल स्वास्थ्य प्रणालीको सेवा विशिष्ट क्षेत्र र स्वास्थ्य सेवा नियमावली वमोजिम पदको सूची तथा तह वमोजिमको मानक प्रयोग गरिनेछ।

२७. <u>प्रणाली परीक्षण:</u> यस प्रणालीको सुचना प्रविधि तथा सुरक्षा परीक्षण वार्षिक रूपमा मन्त्रालयको सूचना प्रविधि शाखावाट गरिनेछ।

२८. <u>प्रणाली अद्यावधिक सम्बन्धी व्यवस्था:</u> आवश्यकता र औचित्यको आधारमा दफा २३ वमोजिमको निर्देशक समितिको सिफारिसमा मन्त्रालयले प्रणाली अद्यावधिक गर्न सक्नेछ।

२९. <u>संशोधन सम्बन्धी व्यवस्था:</u> यस कार्यविधिको कुनै दफा वा अनुसूचीमा संशोधन वा थपघट गर्न आवश्यक भएमा निर्देशक समितिको सिफारिसमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

३०. <u>झुठ्ठा विवरण पेश गर्नु नहुने:</u> यस प्रणालीमा प्रयोगकर्ताले प्रणालीमा झुठ्ठा विवरण प्रविष्ट र अद्यावधिक गर्नु हुँदैन। यदि झुठ्ठा विवरण प्रविष्ट र अद्यावधिक गरेमा प्रचलित कानून वमोजिम हुनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

३१. <u>सूचना प्रविधि प्रोटोकल लागू हुने:</u> सूचना प्रविधिसँग सम्वन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्किङ्ग, इन्टरनेट लगायतका प्राविधिक विषयहरूमा नेपाल सरकारले जारी गरेका नीति, निर्देशिका, प्रोटोकलहरू यस प्रणालीमा पनि लागू हुनेछन्।

(२) उपदफा (१) मा उल्लिखित वाहेक अतिरिक्त प्रणाली र डाटालाई थप सुरक्षित एवं व्यवस्थित गर्नको लागि नीतिगत व्यवस्था गर्न यस दफाले रोक लगाएको मानिने छैन।

३२. <u>डिजिटल दस्तखत:</u> यस प्रणाली मार्फत् गरिने सवै किसिमका कार्यहरूमा Digital Signature को समेत प्रयोग गर्न सकिनेछ।

३३. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> यस कार्यविधिको कार्यान्वयन वा व्याख्यामा कुनै द्विविधा परेमा व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार निर्देशक समितिको सिफारिसमा मन्त्रालयलाई हुनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

अनुसूची-१

(दफा ७ सँग सम्वन्धित)

<u>प्रणालीमा समावेश हुने विवरणहरू</u>

(क) कार्यालय/ स्वास्थ्य संस्थाको नामः

(ख) कार्यालय/ स्वास्थ्य संस्थाको ठेगाना: (स्वास्थ्य संस्था पन्जिकरण प्रणाली अनुसार)

(ग) कार्यालय/ स्वास्थ्य संस्थामा रहेको कूल दरवन्दीः (स्थायी, अस्थायी, करार समेत खुल्ने गरी)

(घ) कार्यालय/ स्वास्थ्य संस्थामा रहेको स्वास्थ्य जनशक्तिको कूल दरवन्दीः (स्थायी, अस्थायी, करार समेत खुल्ने गरी)

(ङ) कार्यरत स्वास्थ्य जनशक्तिको पुरा नामः (नेपाली र अंग्रेजीमा)

(च) ठेगानाः स्थायी र अस्थायी (प्रदेश, जिल्ला, पालिका, वडा नं.)

(छ) लिङ्गः महिला, पुरुष, अन्य

(ज) जातजातीः राष्ट्रिय तथ्यांक कार्यालयको सूचि अनुसार अनुसूची-३ मा दिईएको

(झ) जन्म मितिः

(ञ) फोन नं.

(ट) इमेलः

(ठ) सेवाः

(ड) समूह, उपसमूह, पदः (नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसारका उपसमूह अनुसूची-२ मा दिईएको र सम्वन्धित निकाय प्रचलित कानून वमोजिम)

(ढ) तहः

(ण) नियुक्ति किसिमः स्थायी (सरकारी, प्रतिष्ठान, विकास समिति), करार(लोकसेवा, विकास समिति, कार्यक्रम, छात्रवृत्ति) ज्यालादारी, अस्थायी, अन्य

(त) दरवन्दीको किसिमः संघ, प्रदेश, स्थानीय

(थ) सम्वन्धित व्यवसायी परिषदः Nepal Medical Council, Nepal Nursing Council, Nepal Health Professional Council, Nepal Pharmacy Council, Nepal Aayurved Council, Nepal Engineering Council

(द) सम्वन्धित परिषद्वाट जारी भएको दर्ता नं.

(ध) कर्मचारी संकेत नं.(PIS): नेपाल सरकार, प्रदेश सरकार

(न) राष्ट्रिय परिचय पत्र नं.

(प) शैक्षिक योग्यताः विषयसँग सम्वन्धित न्यूनतम शैक्षिक योग्यता र सो माथीको

(फ) तालिमः तालिमको नाम, सन्चालन मिति, तालिम प्रदायकको नाम ठेगाना

(व) शुरू नियुक्ती मिति

(भ) यस कार्यालयमा हाजिर भएको मिति

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

डा. रोशन पोखरेल
सचिव

(म) यस स्वास्थ्य संस्थामा कार्यरत अवस्थाः दरवन्दी (कार्यरत, अध्ययन विदा, असाधारण विदा, निलम्वन), काज

(य) यस स्वास्थ्य संस्थामा पूर्णकालिन र आंशिक वा Part Time

(र) कैफियतः अवकास, राजिनामा स्वीकृत, अनिवार्य अवकास, करार म्याद समाप्त मिति

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

## अनुसूची-२

(दफा १० सँग सम्वन्धित)

**<u>सेवाको समूह, उप समूह र पदहरू</u>**

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| SCY01 | सचिव/अतिरिक्त सचिव | | १. अतिरिक्त स्वास्थ्य सचिव | १२ |
| SCY02 | | | २. महा निर्देशक (स्वास्थ्य सेवा विभाग) | १२ |
| PHA01 | १. पब्लिक हेल्थ एडमिनिष्ट्रेशन | | ३. प्रदेश सचिव | ११ |
| PHA02 | | | १. निर्देशक | ११ |
| PHA03 | | | २. प्रमुख जनस्वास्थ्य प्रशासक | ११ |
| PHA04 | | | ३. महाशाखा प्रमुख | ११ |
| PHA05 | | | ४. वरिष्ठ स्वास्थ्य प्रशासक | १० |
| PHA06 | | | ५. मेडिकल सुपरिन्टेन्डेण्ट | ९ |
| PHA07 | | | ६. प्रमुख जिल्ला स्वास्थ्य प्रशासक | ९ |
| PHA08 | | | ७. उपस्वास्थ्य प्रशासक | ९ |
| PHA09 | | | ८. मलेरियोलोजिष्ट | ९ |
| PAT01 | २. प्याथोलोजी | (क) जनरल प्याथोलोजी<br>(ख) हिस्टो प्याथोलोजी<br>(ग) माइक्रोबायोलोजी (व्याक्ट्रियोलोजी)<br>(घ) हिमाटोलोजी<br>(ङ) बायो केमेष्ट्रि | १. निर्देशक | ११ |
| PAT02 | | | २. प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट | ११ |
| PAT03 | | | ३. प्रमुख कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट | ११ |
| PAT04 | | | ४. प्रमुख कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | ११ |
| PAT05 | | | ५. प्रमुख कन्सल्टेण्ट हिमाटोलोजिष्ट | ११ |
| PAT06 | | | ६. प्रमुख कन्सल्टेण्ट वायोकेमिष्ट | ११ |
| PAT07 | | | ७. वरिष्ठ कन्सल्टेण्ट प्याथोलोजिष्ट | १० |
| PAT08 | | | ८. वरिष्ठ कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट | १० |
| PAT09 | | | ९. वरिष्ठ कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | १० |
| PAT10 | | | १०.वरिष्ठ कन्सल्टेण्ट हिमाटोलोजिष्ट | १० |
| PAT11 | | | ११.वरिष्ठ कन्सल्टेण्ट वायोकेमिष्ट | १० |
| PAT12 | | | १२.कन्सल्टेण्ट प्याथोलोजिष्ट | ९ |
| PAT13 | | | १३.कन्सल्टेण्ट हिष्टो प्याथोलोजिष्ट | ९ |
| PAT14 | | | १४.कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | ९ |
| PAT15 | | | १५.कन्सल्टेण्ट हेमाटोलोजिष्ट | ९ |
| PAT16 | | | १६.कन्सल्टेण्ट वायोकेमिष्ट | ९ |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| GHS01 | ३. जनरल हेल्थ सर्भिसेज |  | १. उपमहानिर्देशक | ११ |
| GHS02 |  |  | २. अस्पताल निर्देशक | ११ |
| GHS03 |  |  | ३. प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट | ११ |
| GHS04 |  |  | ४. प्रमुख अस्पताल प्रशासक | ११ |
| GHS05 |  |  | ५. महाशाखा प्रमुख | ११ |
| GHS06 |  |  | ६. वरिष्ठ मेडिकल सुपरिण्टेण्डेण्ट | १० |
| GHS07 |  |  | ७. प्रमुख मेडिकल अधिकृत | १० |
| GHS08 |  |  | ८. मेडिकल सुपरिण्टेण्डेण्ट | ९ |
| GHS09 |  |  | ९. वरिष्ठ मेडिकल अधिकृत | ९ |
| GHS10 |  |  | १०.मेडिकल अधिकृत | ८ |
| MED01 | ४. मेडिसिन | (क) जनरल मेडिसिन<br>(ख) नेफ्रोलोजी<br>(ग) न्यूरोलोजी<br>(घ) कार्डियोलोजी<br>(ङ) ट्रपिकल मेडिसिन<br>(च) चेष्ट डिजिजेज<br>(छ) ग्याष्ट्रो इन्टेरोलोजी<br>(ज) इण्डोक्राइनोलोजी<br>(झ) मेडिकल अङ्कोलोजी<br>(ञ) हेपाटोलोजी<br>(ट) पल्मोनोलोजी<br>(ठ) क्लिनिकल जेनेटिक्स | १. प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन | ११ |
| MED02 |  |  | २. प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिस्ट | ११ |
| MED03 |  |  | ३. प्रमुख कन्सल्टेण्ट न्यूरोलोजिष्ट | ११ |
| MED04 |  |  | ४. प्रमुख कन्सल्टेण्ट कार्डियोलोजिष्ट | ११ |
| MED05 |  |  | ५. प्रमुख कन्सल्टेण्ट, ट्रपिकल मेडिसिन | ११ |
| MED06 |  |  | ६. प्रमुख कन्सल्टेण्ट, चेष्ट डिजिज (फिजिसियन) | ११ |
| MED07 |  |  | ७. प्रमुख कन्सल्टेण्ट, ग्यास्ट्रो इन्टेरोलोजिष्ट | ११ |
| MED08 |  |  | ८. प्रमुख कन्सल्टेण्ट इन्डोक्राइनोलोजिष्ट | ११ |
| MED09 |  |  | ९. प्रमुख कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | ११ |
| MED10 |  |  | १०. प्रमुख कन्सल्टेण्ट हेपाटोलोजिष्ट (फिजिसियन ) | ११ |
| MED11 |  |  | ११. प्रमुख फरेन्सिक मेडिसिन अधिकृत | ११ |
| MED12 |  |  | १२. वरिष्ठ कन्सल्टेण्ट जनरल फिजिसियन | १० |
| MED13 |  |  | १३. वरिष्ठ कन्सल्टेण्ट नेफ्रोलोजिष्ट | १० |
| MED14 |  |  | १४. वरिष्ठ कन्सल्टेण्ट न्यूरोलोजिष्ट | १० |
| MED15 |  |  | १५. वरिष्ठ कन्सल्टेण्ट कार्डियोलोजिष्ट | १० |
| MED16 |  |  | १६. वरिष्ठ कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन) | १० |
| MED17 |  |  | १७. वरिष्ठ कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन) | १० |
| MED18 |  |  | १८. वरिष्ठ कन्सल्टेण्ट हेपा लोजिष्ट (फिजिसियन) | १० |
| MED19 |  |  | १९. वरिष्ठ कन्सल्टेण्ट ग्याष्ट्रो-इन्टेरोलोजिष्ट | १० |
| MED20 |  |  | २०. वरिष्ठ कन्सल्टेण्ट इन्डोक्राइनोलोजिष्ट | १० |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| MED21 | | | २१. वरिष्ठ कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | १० |
| MED22 | | | २२. वरिष्ठ फरेन्सिक मेडिकल अधिकृत | १० |
| MED23 | | | २३. कन्सल्टेण्ट जनरल फिजिसियन | ९ |
| MED24 | | | २४. कन्सल्टेण्ट नेफ्रोलोजिष्ट | ९ |
| MED25 | | | २५. कन्सल्टेण्ट न्यूरोलोजिष्ट | ९ |
| MED26 | | | २६. कन्सल्टेण्ट कार्डियोलोजिस्ट | ९ |
| MED27 | | | २७. कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन) | ९ |
| MED28 | | | २८. कन्सल्टेण्ट हेपाटोलोजिष्ट (फिजिसियन) | ९ |
| MED29 | | | २९. कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन) | ९ |
| MED30 | | | ३०. कन्सल्टेण्ट ग्याष्ट्रो-इन्टेरोलोजिष्ट | ९ |
| MED31 | | | ३१. कन्सल्टेण्ट इण्डोक्राइनोलोजिष्ट | ९ |
| MED32 | | | ३२. फरेन्सिक मेडिसिन अधिकृत | ९ |
| MED33 | | | ३३. कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | ९ |
| MED34 | | | ३४. कन्सल्टेण्ट पल्मोनोलोजिष्ट | ९ |
| MED35 | | | ३५. कन्सल्टेण्ट क्लिनिकल जेनेटिशिष्ट | ९ |
| SUR01 | ५. सर्जरी | (क) जनरल सर्जरी<br>(ख) कार्डियोथेरासिक सर्जरी<br>(ग) युरोसर्जरी<br>(घ) ग्याष्ट्रो इन्टेरोलोजिकल सर्जरी<br>(ङ) वर्न तथा प्लाष्टिक सर्जरी<br>(च) न्यूरो सर्जरी<br>(छ) अर्थोपेडिक सर्जरी<br>(छ१) स्पाइनल सर्जरी<br>(छ२) आर्थोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी<br>(छ३) स्पोर्टस तथा आर्थोस्कोपिक सर्जरी<br>(ज) पेडियाट्रिक सर्जरी<br>(झ) किड्नी ट्रान्सप्लाण्ट सर्जरी | ३६.प्रमुख कन्सल्टेण्ट सर्जन | ११ |
| SUR02 | | | ३७.प्रमुख कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन | ११ |
| SUR03 | | | ३८.प्रमुख कन्सल्टेण्ट कार्डियाक सर्जन | ११ |
| SUR04 | | | ३९.प्रमुख कन्सल्टेण्ट यूरो सर्जन | ११ |
| SUR05 | | | ४०.प्रमुख कन्सल्टेण्ट सर्जिकल ग्यास्ट्रो इन्टेरोलोजिष्ट | ११ |
| SUR06 | | | ४१.प्रमुख कन्सल्टेण्ट प्लाष्टिक सर्जन | ११ |
| SUR07 | | | ४२.प्रमुख कन्सल्टेण्ट न्यूरो सर्जन | ११ |
| SUR08 | | | ४३.प्रमुख कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ११ |
| SUR09 | | | ४४.प्रमुख कन्सल्टेण्ट पेडियाट्रिक सर्जन | ११ |
| SUR10 | | | ४५.प्रमुख कन्सल्टेण्ट किडनी ट्रान्सप्लान्ट सर्जन | ११ |
| SUR11 | | | ४६.वरिष्ठ कन्सल्टेण्ट किडनी ट्रान्सप्लान्ट सर्जन | १० |
| SUR12 | | | ४७.वरिष्ठ कन्सल्टेण्ट सर्जन | १० |
| SUR13 | | | ४८.वरिष्ठ कन्सल्टेण्ट कार्डियोथेरासिक सर्जन | १० |
| SUR14 | | | ४९.वरिष्ठ कन्सल्टेण्ट कार्डियाक सर्जन | १० |
| SUR15 | | | ५०.वरिष्ठ कन्सल्टेण्ट यूरो सर्जन | १० |
| SUR16 | | | ५१.वरिष्ठ कन्सल्टेण्ट सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजिकल | १० |
| SUR17 | | | ५२.वरिष्ठ कन्सल्टेण्ट प्लाष्टिक सर्जन | १० |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| SUR18 | | | ५३.वरिष्ठ कन्सल्टेण्ट न्यूरो सर्जन | १० |
| SUR19 | | | ५४.वरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | १० |
| SUR20 | | | ५५.वरिष्ठ कन्सल्टेण्ट पेडियाट्रिक सर्जन | १० |
| SUR21 | | | ५६.कन्सल्टेण्ट सर्जन | ९ |
| SUR22 | | | ५७.कन्सल्टेण्ट कार्डियाक सर्जन | ९ |
| SUR23 | | | ५८.कन्सल्टेण्ट यूरो सर्जन | ९ |
| SUR24 | | | ५९.कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिकल सर्जन | ९ |
| SUR25 | | | ६०.कन्सल्टेण्ट प्लाष्टिक सर्जन | ९ |
| SUR26 | | | ६१.कन्सल्टेण्ट न्यूरो सर्जन | ९ |
| SUR27 | | | ६२.कन्सल्टेण्ट अर्थपिडिक सर्जन | ९ |
| SUR28 | | | ६३.कन्सल्टेण्ट पेडियाट्रिक सर्जन | ९ |
| SUR29 | | | ६४.कन्सल्टेण्ट किडनी ट्रान्सप्लान्ट सर्जन | ९ |
| SUR30 | | | ६५.कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन | ९ |
| SUR31 | | | ६६.कन्सल्टेण्ट स्पाइनल सर्जन | ९ |
| SUR32 | | | ६७.कन्सल्टेण्ट आर्थोप्लाष्टी तथा रिकन्ट्रक्शन सर्जन | ९ |
| SUR33 | | | ६८.कन्सल्टेण्ट स्पोर्टस तथा आर्थोस्कोपिक सर्जन | ९ |
| RAD01 | ६. रेडियोलोजी | | १. प्रमुख कन्सल्टेण्ट रेडियोलोजिष्ट / रेडियोडाइग्नोसिस | ११ |
| RAD02 | | | २. वरिष्ठ कन्सल्टेण्ट रेडियोलोजिष्ट / रेडियोडाइग्नोसिस | १० |
| RAD03 | | | ३. कन्सल्टेण्ट रेडियोलोजिष्ट/रेडियोडाइग्नोसिस | ९ |
| RAT01 | ७.रेडिएसन अंकोलोजी/रेडियो थेरापी | | i. प्रमुख कन्सल्टेण्ट रेडियोथेरापिष्ट/प्रमुख कन्सल्टेण्ट रेडिएसन अंकोलोजी | ११ |
| RAT02 | | | ii. वरिष्ठ कन्सल्टेण्ट रेडियोथेरापिष्ट/वरिष्ठ कन्सल्टेण्ट रेडिएसन अंकोलोजी | १० |
| RAT03 | | | iii. कन्सल्टेण्ट रेडियोथेरापिष्ट/कन्सल्टेण्ट रेडिएसन अंकोलोजीष्ट | ११ |
| DLV01 | ८. डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज | (क) पेडियाट्रिक मेडिसिन (ख) निओनेटोलोजी | १. प्रमुख कन्सल्टेण्ट डर्माटोलोजिष्ट/लेप्रोलोजिष्ट/भेनरल डिजिज | ११ |
| DLV02 | | | २. वरिष्ठ कन्सल्टेण्ट डर्माटोलोजिष्ट/लेप्रोलोजिष्ट/भेनरल डिजिज | १० |
| DLV03 | | | ३. कन्सल्टेण्ट डर्माटोलोजिष्ट/लेप्रोलोजिष्ट/भेनरल डिजिज | ९ |
| PSY01 | ९. साइक्याट्री | | १. अस्पताल निर्देशक (साइक्याट्री) | ११ |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| PSY02 | | | २. प्रमुख कन्सल्टेण्ट साइक्याट्रिष्ट | ११ |
| PSY03 | | | ३. वरिष्ठ कन्सल्टेण्ट साइक्याट्रिष्ट | १० |
| PSY04 | | | ४. कन्सल्टेन्ट साइक्याट्रिष्ट | ९ |
| PED01 | १०. पेडियाट्रिक्स | | १. अस्पताल निर्देशक (कान्ति बाल) | ११ |
| PED02 | | | २. प्रमुख कन्सल्टेण्ट पेडियाट्रिसियन | ११ |
| PED03 | | | ३. प्रमुख कन्सल्टेण्ट निओनेटोलोजिष्ट | ११ |
| PED04 | | | ४. प्रमुख कन्सल्टेण्ट पेडियाट्रिक अंकोलोजिष्ट | ११ |
| PED05 | | | ५. वरिष्ठ कन्सल्टेण्ट पेडियाट्रिसियन | १० |
| PED06 | | | ६. वरिष्ठ कन्सल्टेण्ट निओनेटोलोजिष्ट | १० |
| PED07 | | | ७. वरिष्ठ कन्सल्टेण्ट पेडियाट्रिक्स अंकोलोजिष्ट | १० |
| PED08 | | | ८. कन्सल्टेण्ट पेडियाट्रिक्स अंकोलोजिष्ट | ९ |
| PED09 | | | ९. कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ |
| PED10 | | | १०. कन्सल्टेण्ट निओनेटोलोजिष्ट | ९ |
| OPH01 | ११. अप्थल्मोलोजी | | १. प्रमुख कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट | ११ |
| OPH02 | | | २. वरिष्ठ कन्सल्टेण्ट अप्थलमोलोजिष्ट | १० |
| OPH03 | | | ३. कन्सल्टेण्ट अप्थलमोलोजिस्ट | ९ |
| OTL01 | १२. ओटोरिनोल्यारिङ्गोलोजी | | १. प्रमुख कन्सल्टेण्ट इ.एन.टी. सर्जन | ११ |
| OTL02 | | | २. वरिष्ठ कन्सल्टेण्ट इ.एन.टी. सर्जन | १० |
| OTL03 | | | ३. कन्सल्टेण्ट इ.एन.टी. सर्जन | ९ |
| ANE01 | १३. एनेस्थेसियोलोजी | | १. प्रमुख कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ११ |
| ANE02 | | | २. वरिष्ठ कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | १० |
| ANE03 | | | ३. कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ |
| OBG01 | १४. अब्टेट्रिक तथा गाइनोकोलोजी | | १. अस्पताल निर्देशक (प्रसूति) | ११ |
| OBG02 | | | २. प्रमुख कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | ११ |
| OBG03 | | | ३. वरिष्ठ कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | १० |
| OBG04 | | | ४. कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | ९ |
| MGN01 | १५. मेडिकल जनरलिष्ट | | १. अस्पताल निर्देशक (मेडिकल जनरलिष्ट) | ११ |
| MGN02 | | | २. प्रमुख कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | ११ |
| MGN03 | | | ३. प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट जनरलिष्ट | ११ |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| MGN04 | | | ४. वरिष्ठ कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | १० |
| MGN05 | | | ५. वरिष्ठ मेडिकल सुपरिन्टेन्डेण्ट जनरलिष्ट | १० |
| MGN06 | | | ६. मेडिकल सुपरिन्टेन्डेण्ट जनरलिष्ट | ९ |
| MGN07 | | | ७. कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | ९ |
| GNR01 | १६. जनरल नर्सिङ्ग | | १. प्रमुख अस्पताल नर्सिङ प्रशासक | ११ |
| GNR02 | | | २. प्रमुख अस्पताल पेडियाट्रिक नर्सिङ प्रशासक | ११ |
| GNR03 | | | ३. प्रमुख अस्पताल साइक्याट्रिक नर्सिङ प्रशासक | ११ |
| GNR04 | | | ४. प्रमुख अस्पताल ओमन हेल्थ एण्ड डेभलपमेण्ट नर्सिङ प्रशासक | ११ |
| GNR05 | | | ५. वरिष्ठ अस्पताल नर्सिङ प्रशासक | १० |
| GNR06 | | | ६. वरिष्ठ अस्पताल पेडियाट्रिक नर्सिङ प्रशासक | १० |
| GNR07 | | | ७. वरिष्ठ अस्पताल साइक्याट्रिक नर्सिङ प्रशासक | १० |
| GNR08 | | | ८. वरिष्ठ अस्पताल ओमन हेल्थ एण्ड डेभलपमेण्ट नर्सिङ प्रशासक | १० |
| GNR09 | | | ९. अस्पताल नर्सिङ प्रशासक | ९ |
| GNR10 | | | १०. अस्पताल पेडियाट्रिक नर्सिङ प्रशासक | ९ |
| GNR11 | | | ११. अस्पताल साइक्याट्रिक नर्सिङ प्रशासक | ९ |
| GNR12 | | | १२. अस्पताल ओमन हेल्थ एण्ड डेभलपमेण्ट नर्सिङ प्रशासक | ९ |
| GNR13 | | | १३. वरिष्ठ नर्सिङ अधिकृत | ८ |
| GNR14 | | | १४. नर्सिङ अधिकृत | ७ |
| GNR15 | | | १५. वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक | ७ |
| GNR16 | | | १६. अस्पताल नर्सिङ निरीक्षक | ६ |
| GNR17 | | | १७. स्टाफ नर्स | ५ |
| CNR01 | १७. पब्लिक हेल्थ नर्सिङ्ग कम्युनिटी नर्सिङ्ग | | १. प्रमुख निर्देशक/पब्लिक हेल्थ नर्सिङ | ११ |
| CNR02 | | | २. प्रमुख कम्युनिटी नर्सिङ प्रशासक | ११ |
| CNR03 | | | ३. प्रमुख मिडवाइफ प्रशासक | ११ |
| CNR04 | | | ४. वरिष्ठ कम्युनिटी नर्सिङ प्रशासक / पब्लिक हेल्थ नर्सिङ अधिकृत | १० |
| CNR05 | | | ५. वरिष्ठ मिडवाइफ प्रशासक | १० |
| CNR06 | | | ६. कम्युनिटी नर्सिङ प्रशासक/पब्लिक हेल्थ नर्सिङ प्रशासक | ९ |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| CNR07 | | | ७. ७. मिडवाइफ प्रशासक | ९ |
| CNR08 | | | ८. वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत / पब्लिक हेल्थ नर्सिङ अधिकृत | ८ |
| CNR09 | | | ९. वरिष्ठ मिडवाइफ अधिकृत | ७ |
| CNR10 | | | १०. मिडवाइफ अधिकृत | ७ |
| CNR11 | | | ११. कम्युनिटी नर्सिङ अधिकृत/पब्लिक हेल्थ नर्सिङ अधिकृत | ७ |
| CNR12 | | | १२. वरिष्ठ कम्युनिटी नर्सिङ निरीक्षक | ६ |
| CNR13 | | | १३. कम्युनिटी नर्सिङ निरीक्षक/पब्लिक हेल्थ नर्सिङ निरीक्षक | ६ |
| CNR14 | | | १४. वरिष्ठ काउन्सलर निरीक्षक | ६ |
| CNR15 | | | १५. वरिष्ठ काउन्सलर/सि.अ.न.मी. निरीक्षक/वरिष्ठ अ.न.मी. निरीक्षक | ५ |
| CNR16 | | | १६. पब्लिक हेल्थ नर्स | ५ |
| CNR17 | | | १७. काउन्सलर (नर्स) | ५ |
| CNR18 | | | १८. सि.अ.न.मी. | ५ |
| CNR19 | | | १९. वरिष्ठ मातृशिशु कार्यकर्ता | ४ |
| CNR20 | | | २०. अ.न.मी/सहायक काउन्सलर | ४ |
| CNR21 | | | २१. मातृशिशु कार्यकर्ता | ४ |
| CNR22 | | | २२. सहायक स्वास्थ्य परिचारिका | ४ |
| HOM01 | १८. होमियोप्याथी | | १. प्रमुख कन्सल्टेन्ट होमियोप्याथी चिकित्सक | ११ |
| HOM02 | | | २. वरिष्ठ कन्सल्टेन्ट होमियोप्याथी चिकित्सक | १० |
| HOM03 | | | ३. कन्सल्टेण्ट होमियोप्याथी चिकित्सक | ९ |
| HOM04 | | | ४. होमियोप्याथी चिकित्सक | ८ |
| HOM05 | | | ५. होमियोप्याथी सहायक | ४।५।६ |
| DEN01 | १९. डेण्टिष्ट्री | (क) जनरल डेण्टल (ख) इण्डोडोण्टिष्ट (ग) ओरल तथा मेक्जलो फेसियल सर्जन (घ) प्रोस्थोडोण्टिष्ट (ङ) पेरियोडोण्टिष्ट (च) अर्थोडोण्टिष्ट | १. प्रमुख कन्सल्टेण्ट डेण्टल सर्जन | ११ |
| DEN02 | | | २. प्रमुख कन्सल्टेण्ट इण्डोडोण्टीष्ट | ११ |
| DEN03 | | | ३. प्रमुख कन्सल्टेण्ट ओरल सर्जन | ११ |
| DEN04 | | | ४. प्रमुख कन्सल्टेण्ट प्रोस्थोडोण्टीष्ट | ११ |
| DEN05 | | | ५. प्रमुख कन्सल्टेण्ट पेरीयोडौण्टीष्ट | ११ |
| DEN06 | | | ६. प्रमुख कन्सल्टेण्ट अर्थोडोण्टीष्ट | ११ |
| DEN07 | | | ७. वरिष्ठ कन्सल्टेन्ट डेन्टल सर्जन | १० |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| DEN08 | | | ८. वरिष्ठ कन्सल्टेण्ट इण्डोडोण्टीष्ट | १० |
| DEN09 | | | ९. वरिष्ठ कन्सल्टेण्ट ओरल सर्जन | १० |
| DEN10 | | | १०. वरिष्ठ कन्सल्टेण्ट प्रोस्थोडौण्टीष्ट | १० |
| DEN11 | | | ११. वरिष्ठ कन्सल्टेण्ट पेरीयोडौण्टीष्ट | १० |
| DEN12 | | | १२. वरिष्ठ कन्सल्टेण्ट अर्थोडोण्टीष्ट | १० |
| DEN13 | | | १३. कन्सल्टेण्ट डेन्टल सर्जन | ९ |
| DEN14 | | | १४. कन्सल्टेण्ट इण्डोडौण्टीष्ट | ९ |
| DEN15 | | | १५. कन्सल्टेण्ट ओरल सर्जन | ९ |
| DEN16 | | | १६. कन्सल्टेण्ट प्रोस्थोडौण्टीष्ट | ९ |
| DEN17 | | | १७. कन्सल्टेण्ट पेरीयोडौण्टीष्ट | ९ |
| DEN18 | | | १८. कन्सल्टेण्ट अर्थोडौण्टीष्ट | ९ |
| DEN19 | | | १९. डेण्टल सर्जन | ८ |
| DEN20 | | | २०. डेण्टल चेयरसाईड असिष्टेण्ट | ४।५।६ |
| DEN21 | | | २१. डेण्टल हाइजिनिष्ट | ४।५।६ |
| AYV01 | २०. आयुर्वेद | (क) जनरल आयुर्वेद<br>(ख) भेषज<br>(ग) काय चिकित्सा<br>(घ) शल्य तथा संज्ञाहरण<br>(ङ) शालाक्य<br>(च) स्त्रीरोग तथा प्रसूति<br>(छ) कौमारभृत्य | १. महानिर्देशक | ११ |
| AYV02 | | | २. निर्देशक | ११ |
| AYV03 | | | ३. प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ | ११ |
| AYV04 | | | ४. प्रमुख कन्सल्टेन्ट भेषज विज्ञ | ११ |
| AYV05 | | | ५. प्रमुख कन्सल्टेन्ट काय-चिकित्सक | ११ |
| AYV06 | | | ६. प्रमुख कन्सल्टेन्ट स्त्रीरोग तथा प्रसूती | ११ |
| AYV07 | | | ७. प्रमुख कन्सल्टेन्ट कौमारभृत्य चिकित्सक | ११ |
| AYV08 | | | ८. प्रमुख कन्सल्टेन्ट शल्य चिकित्सक/संज्ञाहरण चिकित्सक | ११ |
| AYV09 | | | ९. प्रमुख कन्सल्टेन्ट शालाक्य चिकित्सक | ११ |
| AYV10 | | | १०. वरिष्ठ कन्सल्टेन्ट आयुर्वेद विज्ञ | १० |
| AYV11 | | | ११. कन्सल्टेन्ट आयुर्वेद विज्ञ | ९ |
| AYV12 | | | १२. वरिष्ठ कन्सल्टेन्ट भेषज विज्ञ | १० |
| AYV13 | | | १३. वरिष्ठ कन्सल्टेन्ट काय-चिकित्सक | १० |
| AYV14 | | | १४. वरिष्ठ कन्सल्टेन्ट स्त्रीरोग तथा प्रसूती चिकित्सक | १० |
| AYV15 | | | १५. वरिष्ठ कन्सल्टेन्ट कौमारभृत्य चिकित्सक | १० |
| AYV16 | | | १६. वरिष्ठ कन्सल्टेन्ट शल्य चिकित्सक/संज्ञाहरण चिकित्सक | १० |
| AYV17 | | | १७. वरिष्ठ कन्सल्टेन्ट शालाक्य चिकित्सक | १० |



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| AYV18 | | | १८.कन्सल्टेण्ट भेषज विज्ञ | ९ |
| AYV19 | | | १९.कन्सल्टेण्ट काय-चिकित्सक | ९ |
| AYV20 | | | २०.कन्सल्टेण्ट स्त्रीरोग तथा प्रसूती चिकित्सक | ९ |
| AYV21 | | | २१.कन्सल्टेण्ट कौमारभृत्य चिकित्सक | ९ |
| AYV22 | | | २२.कन्सल्टेण्ट शल्य चिकित्सक/संज्ञाहरण चिकित्सक | ९ |
| AYV23 | | | २३.कन्सल्टेण्ट शालाक्य चिकित्सक | ९ |
| AYV24 | | | २४.आयुर्वेद चिकित्सक | ८ |
| AYV25 | | | २५.वरिष्ठ कविराज निरीक्षक | ७ |
| AYV26 | | | २६.कविराज निरीक्षक | ६ |
| AYV27 | | | २७.वैद्य निरीक्षक | ६ |
| AYV28 | | | २८.कविराज (आयुर्वेद सहायक) | ५ |
| AYV29 | | | २९.वरिष्ठ वैद्य | ५ |
| AYV30 | | | ३०.वैद्य | ४ |
| HED01 | २१. हेल्थ एजुकेशन | | १. प्रमुख स्वास्थ्य शिक्षा प्रशासक/निर्देशक | ११ |
| HED02 | | | २. वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक/क्षेत्रीय तालीम प्रमुख | १० |
| HED03 | | | ३. स्वास्थ्य शिक्षा प्रशिक्षण प्रशासक/क्षेत्रीय तालीम प्रशासक | ९ |
| HED04 | | | ४. वरिष्ठ स्वास्थ्य शिक्षा प्रशिक्षक/बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | ८ |
| HED05 | | | ५. स्वास्थ्य शिक्षा प्रशिक्षक/स्वास्थ्य शिक्षा अधिकृत | ७ |
| HED06 | | | ६. वरिष्ठ स्वास्थ्य शिक्षा टेक्निसियन निरीक्षक | ७ |
| HED07 | | | ७. स्वास्थ्य शिक्षा टेक्निसियन सुपरभाइजर | ६ |
| HED08 | | | ८. स्वास्थ्य शिक्षा टेक्निसियन | ५ |
| LAB01 | २२. मेडिकल ल्याब टेक्नोलोजी | (क) जनरल मेडिकल ल्याब टेक्नोलोजी (ख) मेडिकल माइक्रोबायोलोजी | १. प्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट | ११ |
| LAB02 | | | २. प्रमुख माइक्रोबायोलोजिष्ट | ११ |
| LAB03 | | | ३. सह प्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट | १० |
| LAB04 | | | ४. सह प्रमुख माइक्रोबायोलोजिष्ट | १० |
| LAB05 | | | ५. उप प्रमुख माइक्रोबायोलोजिष्ट | ९ |
| LAB06 | | | ६. उप प्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट | ९ |
| LAB07 | | | ७. वरिष्ठ मेडिकल ल्याव टेक्नोलोजिष्ट | ८ |
| LAB08 | | | ८. वरिष्ठ माइक्रोबायोलोजिष्ट | ८ |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| LAB09 | | | ९. माइक्रोबायोलोजिष्ट | ७ |
| LAB10 | | | १०. मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७ |
| LAB11 | | | ११. वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक/मेडिकल ल्याब टेक्नोलोजिष्ट निरीक्षक/वरिष्ठ माइक्रोस्कोपिष्ट निरीक्षक | ७ |
| LAB12 | | | १२. ल्याब टेक्निसियन निरीक्षक/मेडिकल ल्याब टेक्नोलोजिष्ट निरीक्षक | ६ |
| LAB13 | | | १३. ल्याब टेक्निसियन निरीक्षक/ल्याब असिष्टेण्ट निरीक्षक | ६ |
| LAB14 | | | १४. वरिष्ठ माइक्रोस्कोपिष्ट/ल्याब ब्वाई निरीक्षक | ६ |
| LAB15 | | | १५. ल्याब टेक्निसियन/वरिष्ठ ल्याब असिष्टेन्ट | ५ |
| LAB16 | | | १६. माइक्रोस्कोपिष्ट/वरिष्ठ ल्याब ब्वाई | ५ |
| LAB17 | | | १७. ल्याब असिष्टेन्ट/असिस्टेन्ट ल्याब टेक्निसियन | ४ |
| LAB18 | | | १८. सहायक माइक्रोस्कोपिष्ट | ४ |
| LAB19 | | | १९. ल्याब ब्वाई | ४ |
| PHY01 | २३. फिजियोथेरापी | | १. प्रमुख फिजियोथेरापिष्ट | ११ |
| PHY02 | | | २. सह प्रमुख फिजियोथेरापिष्ट | १० |
| PHY03 | | | ३. उप प्रमुख फिजियोथेरापिष्ट | ९ |
| PHY04 | | | ४. वरिष्ठ फिजियोथेरापिष्ट | ८ |
| PHY05 | | | ५. फिजियोथेरापिष्ट | ७ |
| PHY06 | | | ६. वरिष्ठ फिजियोथेरापी निरीक्षक | ७ |
| PHY07 | | | ७. फिजियोथेरापी निरीक्षक | ६ |
| PHY08 | | | ८. फिजियोथेरापी असिष्टेण्ट | ५ |
| UNM01 | २४. युनानी चिकित्सा | | १. युनानी चिकित्सा अधिकृत | ८ |
| UNM02 | | | २. वरिष्ठ हकिम प्रमुख | ७ |
| UNM03 | | | ३. हकिम प्रमुख | ६ |
| UNM04 | | | ४. हकिम | ५ |
| PMC01 | २५. फार्मेसी | | १. महानिर्देशक | ११ |
| PMC02 | | | २. प्रमुख औषधि व्यवस्थापक/निर्देशक | ११ |
| PMC03 | | | ३. प्रमुख फर्मासिष्ट वैज्ञानिक | ११ |
| PMC04 | | | ४. प्रमुख अधिकृत | ११ |
| PMC05 | | | ५. वरिष्ठ औषधि व्यवस्थापक | १० |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| PMC06 | | | ६. वरिष्ठ वैज्ञानिक अधिकृत | ९।१० |
| PMC07 | | | ७. वरिष्ठ गुणस्तर नियन्त्रक/वरिष्ठ फर्मासिष्ट | १० |
| PMC08 | | | ८. औषधि व्यवस्थापक/फर्मासिष्ट अधिकृत | ९ |
| PMC09 | | | ९. गुणस्तर नियन्त्रक | ९ |
| PMC10 | | | १०.वैज्ञानिक अधिकृत | ७।८ |
| PMC11 | | | ११.फार्मेसी अधिकृत | ७।८ |
| PMC12 | | | १२.गुणस्तर अधिकृत | ७।८ |
| PMC13 | | | १३.वरिष्ठ फा.सु. निरीक्षक/व.गु.सु.भा. निरीक्षक/ वरिष्ठ ल्याव असिष्टेण्ट निरीक्षक | ७ |
| PMC14 | | | १४.फार्मेसी निरीक्षक / गुणस्तर निरीक्षक / अनुसन्धान निरीक्षक | ६ |
| PMC15 | | | १५.फार्मेसी सु.भा. निरीक्षक / गुणस्तर नियन्त्रण निरीक्षक/ल्यावअसिष्टेण्ट निरीक्षक | ६ |
| PMC16 | | | १६.फार्मेसी सुपरभाइजर / गुणस्तर नियन्त्रण सुपरभाइजर | ५ |
| PMC17 | | | १७.ल्याव असिष्टेण्ट/फार्मेसी सहायक | ५ |
| HIN01 | २६. हेल्थ इन्स्पेक्सन | | १. प्रमुख जनस्वास्थ्य प्रशासक/निर्देशक | ११ |
| HIN02 | | | २. वरिष्ठ जनस्वास्थ्य प्रशासक | १० |
| HIN03 | | | ३. प्रमुख पोषण अधिकृत | ९।१० |
| HIN04 | | | ४. जनस्वास्थ्य प्रशासक | ९ |
| HIN05 | | | ५. वरिष्ठ जनस्वास्थ्य अधिकृत | ८ |
| HIN06 | | | ६. वरिष्ठ पोषण अधिकृत | ८ |
| HIN07 | | | ७. जनस्वास्थ्य अधिकृत | ७ |
| HIN08 | | | ८. क्षय/कुष्ठ सुपरभाइजर अधिकृत | ७ |
| HIN09 | | | ९. भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत | ७ |
| HIN10 | | | १०.परिवार नियोजन सुपरभाइजर अधिकृत | ७ |
| HIN11 | | | ११.खोप सुपरभाइजर अधिकृत | ७ |
| HIN12 | | | १२.इण्टोमोलोजिष्ट | ७ |
| HIN13 | | | १३.पोषण अधिकृत | ७ |
| HIN14 | | | १४.परासाइटोलोजिष्ट | ७ |
| HIN15 | | | १५.पोषण निरीक्षक | ६ |
| HIN16 | | | १६.भेक्टर कन्ट्रोल सुपरभाइजर निरीक्षक | ६ |
| HIN17 | | | १७.क्षय/कुष्ठ सुपरभाइजर निरीक्षक | ६ |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| HIN18 | | | १८.परिवार नियोजन सुपरभाइजर निरीक्षक | ६ |
| HIN19 | | | १९.खोप सुपरभाइजर निरीक्षक | ६ |
| HIN20 | | | २०.इण्टोमोलोजी निरीक्षक | ६ |
| HIN21 | | | २१.पारासाइटोलोजि निरीक्षक | ६ |
| HIN22 | | | २२.औलो सुपरभाइजर निरीक्षक | ६ |
| HIN23 | | | २३.जनस्वास्थ्य निरीक्षक | ६ |
| HIN24 | | | २४.सि.अ.हे.व. अधिकृत | ६ |
| HIN25 | | | २५.मलेरिया इन्सपेक्टर निरीक्षकः मलेरिया असिष्टेण्ट निरीक्षक/भेक्टर वर्न डिजिज कन्ट्रोल असिष्टेण्ट निरीक्षकः परिवार नियोजन निरीक्षक | ६ |
| HIN26 | | | २६.कोल्डचेन निरीक्षक | ६ |
| HIN27 | | | २७.हेल्थ असिस्टेन्ट | ५ |
| HIN28 | | | २८.सि.अ.हे.व. | ५ |
| HIN29 | | | २९.औलो सुपरभाइजर/भेक्टर कन्ट्रोल सुपरभाइजर | ५ |
| HIN30 | | | ३०.क्षय, कुष्ठ सुपरभाइजर | ५ |
| HIN31 | | | ३१.भेक्टर वर्न डिजिज कन्ट्रोल सुपरभाइजर | ५ |
| HIN32 | | | ३२.वरिष्ठ मलेरिया इन्सपेक्टर / वरिष्ठ मलेरिया असिष्टेण्ट / वरिष्ठ भेक्टर वर्न डिजिज कन्ट्रोल असिष्टेण्ट | ५ |
| HIN33 | | | ३३.परिवार नियोजन सुपरभाइजर | ५ |
| HIN34 | | | ३४.खोप सुपरभाइजर | ५ |
| HIN35 | | | ३५.कोल्ड चेन सुपरभाइजर /वरिष्ठ ग्रामीण स्वास्थ्य कार्यकर्ता | ५ |
| HIN36 | | | ३६.अ.हे.व. | ४ |
| HIN37 | | | ३७.मलेरिया इन्सपेक्टर / मलेरिया असिष्टेण्ट / भेक्टर वर्न डिजिज कन्ट्रोल असिष्टेण्ट | ४ |
| HIN38 | | | ३८.कोल्ड चेन असिष्टेण्ट | ४ |
| HIN39 | | | ३९.ग्रामीण स्वास्थ्य कार्यकर्ता | ४ |
| HIN40 | | | ४०.सहायक स्वास्थ्य परिचारक | ४ |
| MRC01 | २७. मेडिकल रेकर्डस | | १. वरिष्ठ मेडिकल रेकडर अधिकृत | ८ |
| MRC02 | | | २. मेडिकल रेकर्डर अधिकृत | ७ |
| MRC03 | | | ३. वरिष्ठ मेडिकल रेकर्डर निरीक्षक | ७ |
| MRC04 | | | ४. मेडिकल रेकर्डर निरीक्षक/मेडिकल असिष्टेण्ट निरीक्षक | ६ |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| MRC05 | | | ५. मेडिकल रेकर्डर सुपरभाइजर / वरिष्ठ मेडिकल रेकर्डस असिष्टेण्ट | ५ |
| MRC06 | | | ६. जुनियर मेडिकल रेकर्डर असिष्टेण्ट | ४ |
| RAD01 | २८. रेडियोग्राफी | (क) रेडियोग्राफी (ख) रेडियोथेरापी | १. प्रमुख रेडियोग्राफी टेक्नोलोजिष्ट | ११ |
| RAD02 | | | २. प्रमुख रेडियोथेरापी टेक्नोलोजिष्ट | ११ |
| RAD03 | | | ३. उपप्रमुख रेडियोग्राफी टेक्नोलोजिष्ट/उपप्रमुख रेडियोथेरापी टेक्नोलोजिष्ट | ९।१० |
| RAD04 | | | ४. वरिष्ठ रेडियोग्राफी टेक्नोलोजिष्ट | ८ |
| RAD05 | | | ५. वरिष्ठ रेडियोथेरापी टेक्नोलोजिष्ट | ८ |
| RAD06 | | | ६. रेडियोग्राफी टेक्नोलोजिष्ट | ७ |
| RAD07 | | | ७. रेडियोथेरापी टेक्नोलोजिष्ट | ७ |
| RAD08 | | | ८. वरिष्ठ रेडियोग्राफी निरीक्षक | ७ |
| RAD09 | | | ९. वरिष्ठ रेडियोग्राफर निरीक्षक | ७ |
| RAD10 | | | १०. रेडियोग्राफर निरीक्षक | ६ |
| RAD11 | | | ११. डार्करुम असिष्टेण्ट निरीक्षक | ६ |
| RAD12 | | | १२. रेडियो ग्राफर | ५ |
| RAD13 | | | १३. वरिष्ठ डार्करुम असिष्टेण्ट | ५ |
| RAD14 | | | १४. डार्करुम असिष्टेण्ट | ४ |
| INM01 | २९. एकिकृत चिकित्सा | | १. महाशाखा प्रमुख (एकिकृत चिकित्सा) | ११ |
| INM02 | | | २. निर्देशक (एकिकृत चिकित्सा) | ११ |
| INM03 | | | ३. प्रमुख स्वास्थ्य प्रशासक | ११ |
| INM04 | | | ४. उप स्वास्थ्य प्रशासक / वरिष्ठ स्वास्थ्य प्रशासक | ९।१० |
| INM05 | | | ५. प्रमुख जिल्ला स्वास्थ्य प्रशासक | ९ |
| INM06 | | | ६. एकिकृत चिकित्सा अधिकृत | ८ |
| MSC01 | ३०. विविध | (क) मेडिकल फिजिसिष्ट (ख) इ.सि.जि. टेक्निसियन (ग) साइकोलोजी (घ) एनेस्थेसिया (ङ) अप्टिसियन (च) बायोमेडिकल इन्जिनियरिङ्ग | १. प्रमुख बायोमेडिकल इन्जिनियर | ११ |
| MSC02 | | | २. उप प्रमुख बायोमेडिकल इन्जिनियर | ९।१० |
| MSC03 | | | ३. वरिष्ठ मेडिकल फिजिसिष्ट प्रशासक | ९।१० |
| MSC04 | | | ४. वरिष्ठ हाउस किपिङ्ग प्रशासक | ९।१० |
| MSC05 | | | ५. वरिष्ठ डाइटिसियन प्रशासक | ९।१० |
| MSC06 | | | ६. वरिष्ठ इ.सी.जी. अधिकृत | ९।१० |
| MSC07 | | | ७. वरिष्ठ अडियोलोजिष्ट | ९।१० |
| MSC08 | | | ८. वरिष्ठ क्लिनिकल साइकोलोजिष्ट | ९।१० |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| MSC09 | | | ९. वरिष्ठ साइकोलोजिष्ट | ८ |
| MSC10 | | | १०. बायोमेडिकल इन्जिनियर | ८ |
| MSC11 | | | ११. वरिष्ठ मेडिकल फिजिसिष्ट | ८ |
| MSC12 | | | १२. वरिष्ठ इ.सी.जी. अधिकृत | ८ |
| MSC13 | | | १३. वरिष्ठ हाउस किपिङ्ग अधिकृत | ८ |
| MSC14 | | | १४. वरिष्ठ अडियोलोजिष्ट | ८ |
| MSC15 | | | १५. वरिष्ठ अर्थोप्टिसियन अधिकृत | ८ |
| MSC16 | | | १६. वरिष्ठ अप्टिसियन अधिकृत | ८ |
| MSC17 | | | १७. वरिष्ठ डाइटिसियन अधिकृत | ८ |
| MSC18 | | | १८. क्लिनिकल साइकोलोजिष्ट | ७।८ |
| MSC19 | | | १९. साइकोलोजिष्ट | ७।८ |
| MSC20 | | | २०. वरिष्ठ ऐनेस्थेटिक निरीक्षक | ७ |
| MSC21 | | | २१. मेडिकल फिजिसिष्ट | ७ |
| MSC22 | | | २२. इ.सि.जी. अधिकृत | ७ |
| MSC23 | | | २३. हाउस किपिङ्ग अधिकृत | ७ |
| MSC24 | | | २४. अडियोलोजिष्ट | ७ |
| MSC25 | | | २५. वरिष्ठ डाइटिसियन निरीक्षक | ७ |
| MSC26 | | | २६. वरिष्ठ मेडिकल फिजिसिष्ट निरीक्षक | ७ |
| MSC27 | | | २७. वरिष्ठ हाउस किपिङ्ग निरीक्षक | ७ |
| MSC28 | | | २८. मेडिकल फिजिसिष्ट अधिकृत | ७ |
| MSC29 | | | २९. वरिष्ठ इ.सि.जी. टेक्निसियन निरीक्षक | ७ |
| MSC30 | | | ३०. ३०. वरिष्ठ मर्मत सम्भार निरीक्षक | ७ |
| MSC31 | | | ३१. वरिष्ठ अप्टिसियन निरीक्षक | ७ |
| MSC32 | | | ३२. वरिष्ठ अर्थोप्टिसियन निरीक्षक | ७ |
| MSC33 | | | ३३. अर्थोप्टिसियन अधिकृत | ७ |
| MSC34 | | | ३४. अप्टिसियन अधिकृत | ७ |
| MSC35 | | | ३५. डाइटिसियन निरीक्षक | ६ |
| MSC36 | | | ३६. मेडिकल फिजिसिष्ट निरीक्षक | ६ |
| MSC37 | | | ३७. हाउस किपिङ्ग निरीक्षक/ मर्मत सम्भार निरीक्षक | ६ |
| MSC38 | | | ३८. इ.सि.जी. टेक्नीसियन निरीक्षक | ६ |
| MSC39 | | | ३९. मर्मत सम्भार सुपरभाइजर | ६ |

नेपाल सरकार जनसंख्या मन्त्रालय काठमाडौं



डा. रोशन पोखरेल
सचिव

| पदको कोड | समूह | उपसमूह | पद | तह |
|---|---|---|---|---|
| MSC40 | | | ४०. अप्टिसियन निरीक्षक | ६ |
| MSC41 | | | ४१. अर्थोप्टिसियन निरीक्षक | ६ |
| MSC42 | | | ४२. एनेस्थेटिक निरीक्षक | ६ |
| MSC43 | | | ४३. इ.सि.जी. टेक्निसियन | ५ |
| MSC44 | | | ४४. डाइटिसियन सुपरभाइजर | ५ |
| MSC45 | | | ४५. हाउस किपिङ्ग सुपरभाइजर | ५ |
| MSC46 | | | ४६. मर्मत सम्भार टेक्निसियन | ५ |
| MSC47 | | | ४७. अर्थोप्टिसियन सहायक | ५ |
| MSC48 | | | ४८. अप्टिसियन सहायक | ५ |
| MSC49 | | | ४९. एनेस्थेटिक सहायक | ५ |
| MSC50 | | | ५०. बायोमेडिकल टेक्निसियन | ५।६।७ |
| MSC51 | | | ५१. सामाजिक कार्यकर्ता (सोसियल वर्कर) | ५।६।७ |
| MSC52 | | | ५२. अप्ट्रोमेट्रिष्ट | ५।६।७ |
| MSC53 | | | ५३. बायोमेडिकल इक्यूप्मेष्ट असिष्टेण्ट टेक्निसियन | ५।६।७ |
| MSC54 | | | ५४. फोरम्यान निरीक्षक | ६ |
| MSC55 | | | ५५. वरिष्ठ फोरम्यान | ५ |
| MSC56 | | | ५६. फोरम्यान | ४ |
| MSC57 | | | ५७. अस्पताल क्लिनर | ३।४ |

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

## अनुसूची ३

(अनुसूची-१ को खण्ड (ज) सँग सम्वन्धित)

**जातजातीको सूची**

| जात | कोड | जात | कोड |
|---|---|---|---|
| क्षेत्री | १ | दनुवार | ४० |
| पहाडी ब्राह्मण/बाहुन | २ | हलुवाई | ४१ |
| मगर | ३ | माझी | ४२ |
| थारू | ४ | बरई | ४३ |
| तामाङ | ५ | बिन | ४४ |
| नेवार | ६ | नुनिया | ४५ |
| कामी | ७ | चेपाङ/प्रजा | ४६ |
| मुसलमान | ८ | सोनार | ४७ |
| यादव | ९ | कुम्हार | ४८ |
| राई | १० | सुनुवार | ४९ |
| गुरूङ | ११ | बाँतर/सरदार | ५० |
| दमाइ/ढोली | १२ | काहर | ५१ |
| ठकुरी | १३ | सतार/ सन्थाल | ५२ |
| याकथुङ/लिम्बु | १४ | मारवाडी | ५३ |
| सार्की | १५ | कायस्थ | ५४ |
| तेली | १६ | राजपुत | ५५ |
| चमार/हरिजन/राम | १७ | बादी | ५६ |
| कोईरी/कुशवाहा | १८ | झाँझड/धागर | ५७ |
| मुसहर | १९ | गनगाई | ५८ |
| कुर्मी | २० | लोध | ५९ |
| सन्यासी/दशनामी | २१ | बाढइ | ६० |
| धानुक | २२ | थामी | ६१ |
| दुसाध/पासवान/पासी | २३ | कुलुङ | ६२ |
| मल्लाह | २४ | बंगाली | ६३ |
| केवट | २५ | गडेरी/भेडियार | ६४ |
| कथबानियाँ | २६ | धिमाल | ६५ |
| ब्राम्हन तराई | २७ | याक्खा | ६६ |
| कल्वार | २८ | घले | ६७ |
| कानु | २९ | ताजपुरिया | ६८ |
| कुमाल | ३० | खवास | ६९ |
| घर्ती/भुजेल | ३१ | दराई | ७० |
| हजाम/ठाकुर | ३२ | माली | ७१ |
| राजबंशी | ३३ | धुनिया | ७२ |
| शेर्पा | ३४ | पहारी | ७३ |
| धोबी | ३५ | राजबोध | ७४ |

डा. रोशन पोखरेल
सचिव

| जात | कोड | जात | कोड |
|---|---|---|---|
| तत्मा/तत्वा | ३६ | भोटे | ७५ |
| लोहार | ३७ | डोम | ७६ |
| खट्वे | ३८ | थकाली | ७७ |
| सुँडी | ३९ | कोरी | ७८ |
| छन्त्याल /छन्तेल | ७९ | नटुवा | १०५ |
| ह्याल्मो/याल्मो | ८० | हायु | १०६ |
| बोटे | ८१ | धन्कार/धरिकार | १०७ |
| राजभर | ८२ | ल्होपा | १०८ |
| बरामो/बराम/बरामु | ८३ | मुण्डा | १०९ |
| पन्जाबी/सिख | ८४ | देब | ११० |
| नाछिरिङ | ८५ | ढाँडी | १११ |
| याम्फु | ८६ | कमर | ११२ |
| गाइने | ८७ | किसान | ११३ |
| चाम्लिङ | ८८ | साम्पाङ | ११४ |
| आठपहरिया | ८९ | कोचे | ११५ |
| जिरेल | ९० | ल्होमी | ११६ |
| दुरा | ९१ | खालिङ | ११७ |
| सर्वीरिया | ९२ | तोप्केगोला | ११८ |
| मेचे | ९३ | चिडियामार | ११९ |
| वान्तवा | ९४ | वालुङ | १२० |
| राजी | ९५ | लोहारूङ | १२१ |
| डोल्मो | ९६ | कलार | १२२ |
| हलखोर | ९७ | राउटे | १२३ |
| व्यासी/सौका | ९८ | नुराङ | १२४ |
| अमात | ९९ | कुशुण्डा | १२५ |
| थुलुङ | १०० | रानाथारू | १२६ |
| लेप्चा | १०१ | भूमिहार | १२७ |
| पथरकट्टा/कुशवाडिया | १०२ | बिदेशी | १२८ |
| मेवाहाङ | १०३ | अन्य | १२९ |
| वाहिङ | १०४ | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव